# पं. कुलचन्द्र गौतम र प्रपञ्चचर्चा

डा. रामचन्द्र पौडेल

**सार** :

यस लेखमा पं.कुलचन्द्र गौतमको जीवनयात्रालाई प्रस्तुत गरिएको छ । यसै सन्दर्भमा उनको जन्मसमय, स्थान, परिवेश, नामकरण लगायत्का विषयमा प्रकाश पारिएको छ । यस क्रममा विषयपरिचय, पं.कुलचन्द्र गौतमको जीवनयात्रा, जन्म, जन्मस्थल र नामकरण, जीवन-परिवेश, रचना र पुनः प्रकाशन, प्रपञ्चचर्चाको अध्ययन, कथानक, परिवेश विधान, भावविधान, केन्द्रीय कथ्य, कथनपद्धति, छन्दविधान, अलङ्कारविधान, भाषा, शैली, शीर्षकविधान, निष्कर्ष, सारांश आदि विषयलाई २१ वटा शीर्षकमा विभाजन गरी अनुशीलन गरिएको छ ।

**कुञ्जी शब्दहरू :** विद्वच्छिरोमणि, मनोवृत्ति, प्रपञ्चचर्चा, कलुष, प्रायश्चित्त, पापः, गोत्रहत्या, प्रभूतपापा, शठ, रोदनध्वने, निपिता, दुर्भगा, दशगात्र ।

## १.विषयपरिचय

पं.कुलचन्द्र गौतम बहुमुखी क्षमता भएका विशिष्ट प्रतिभा हुन् । उनको प्रतिभा संस्कृत र नेपाली साहित्य तथा आयुर्वेदको क्षेत्रमा पनि विस्तारित छ । उनी कोशकार, कुशल कविराज, साहित्यकार, दार्शनिक चिन्तक तथा आध्यात्मिक व्यक्तिका रूपमा परिचित छन् । उनले नेपाली भाषासाहित्य, कोश, अध्यात्म, सामाजिक सेवा र आयुर्वेद तथा समाजका अन्य क्षेत्रहरूमा उल्लेखनीय योगदान दिएको पाइन्छ । मानवको ऊर्ध्वगामी शक्तिप्रतिको अमोघ आस्था, अदम्य स्वाभिमान, विलक्षण साहित्यिक योगदान, आध्यात्मिक र आयुर्वेदिक व्यक्तित्वका कारणले उनी श्रद्धेय, स्मरणीय र प्रणम्य छन् । संस्कृत भाषासाहित्य, पूर्वीय दर्शनशास्त्र तथा नेपाली भाषासाहित्यमा उनले प्रस्तुत गरेको विद्वत्ताका कारण उनलाई विद्वच्छिरोमणिका रूपमा लिने गरिन्छ । यस लेखमा उनै विद्वच्छिरोमणि पं.कुलचन्द्र गौतमको जीवनयात्रा तथा **प्रपञ्चचर्चा** काव्यको अध्ययन गरिएको छ ।

## २. पं.कुलचन्द्र गौतमको जीवनयात्रा

पं.कुलचन्द्र गौतम लामो जीवन बाँच्न र त्यस जीवनलाई सिर्जनात्मक काममा लगाई मानवजीवन र समाजलाई सकारात्मक प्रभाव पार्न सफल व्यक्ति हुन् । उनको जीवनी आफैँमा एक रोचक आख्यानसरहको देखिन्छ। उनको जीवनयात्राका आरोहअवरोह र त्यस क्रममा उनले देखे, भोगे, सुने, गरेका कर्महरूको विवरणले मानव जीवनको एक विशिष्ट पाटाको उद्घाटन गर्छ । व्यक्तिको जीवनका अनुभूतिहरूले उसका सिर्जनाहरूमा स्थान पाउने गर्छ । साहित्यिक कृतिको यथार्थलाई बुझ्न स्रष्टाको जीवनीले सघाउने गर्छ । पं.कुलचन्द्र गौतमका कृतिहरूमा उनको जीवनीका मोडप्रतिमोड र अनुभवको भूमिका अवश्य छ । उनको जीवनीको अध्ययनले उनका कृतिहरूको अध्ययन गर्नमा सघाउने भएकाले यहाँ उनको जीवनीलाई क्रमशः प्रस्तुत गरिएको छ ।

## ३.जन्म, जन्मस्थल र नामकरण

पं.गौतमको जन्म सौरमानअनुसार वि.सं १९३४ साल असार महिनाको १५ गते आइतबारका दिन भएको हो । चान्द्रमानअनुसार आषाढ कृष्ण द्वितीया उनको जन्मतिथि हो । लेखकलाई यस कुराको जानकारी कुलचन्द्र गौतमका नाति प्रसन्नचन्द्र गौतमद्वारा उपलब्ध गराइएको उनका मृत्युका विषयमा गरिएको टिप्पणी सम्बन्धित कागजातबाट प्राप्त भएको हो । पं.रमाकान्त गौतम र श्रीमती सावित्रीदेवी गौतमका तेस्रो सन्तानका रूपमा कुलचन्द्र गौतमको जन्म भएको थियो । उनलाई मातापिता र परिवारका अन्य सदस्यहरूले पनि 'कुलनिधि' भनेर बोलाउने गरेको उल्लेख पाइन्छ (गौतम,२०७० : ङ) । उनी जति बेला जन्मिए त्यति बेलाको समयको वास्तविक घडीपला प्राप्त हुन नसकेकाले वास्तविक नाम यही थियो भन्न कठिन छ । कुलचन्द्रका चिना र टिप्पणी पनि उनका पार्थिव शरीरसँगै जलाइएका हुनाले वास्तविक नाम यहीनै हो भन्न गाह्रो छ । माथि उल्लेख भएका गते, बार र तिथिलाई आधार मान्दा त्यस दिनमा आद्रा नक्षत्र नपरेकाले उनको वास्तकि नाम कुलचन्द्र हुन सक्दैन । वि.सं.१९३४ सालको पञ्चाङ्गअनुसार असार महिना १५ गते आइतबार सप्तमी/नवमी तिथि नपरेर द्वितीया तिथि परेको देखिन्छ भने त्यस दिन आद्रा नक्षत्र नपरेर अन्य कुनै नक्षत्र परेको देखिन्छ । यस तथ्यलाई आधार मान्दा उनको वास्तविक नाम 'कुलनिधि' हुन नसक्ने स्पष्ट छ । त्यसैले 'कुलनिधि' उनको बोलाउने नाम मात्र हो भन्न

सकिन्छ । काशीमा अध्ययन गर्ने क्रममा पं.गौतमको अध्ययनप्रतिभाबाट प्रभावित भएर गुरुहरूले उनलाई कुलनिधिको सट्टा कुलको चन्द्र अर्थात् कुलचन्द्र भनी बोलाउने गरेको देखिन्छ । मातापिताले प्रेम र ममताले उनलाई 'कुलचन्द्र' भनेर बोलाउँदा बोलाउँदै यही नाम नै पछि सबैले बोलाउने र चिन्ने नाउँ हुन पुगेको देखिन्छ ।

पं.कुलचन्द्र गौतमको जन्मस्थान तामागुरु टोल हो । यो ठाउँ वर्तमान सङ्घीय गणतन्त्रनेपालको ३ प्रदेशको धादिङ जिल्लामा पर्दछ । यस ठाउँको दक्षिणपट्टि नौबिसे गाउँ, उत्तरतिर महेशखोलाको साँध र दक्षिणमा कोल्पुखोला पर्दछन् । पूर्वमा देउराली गाउँ र पश्चिममा केवलपुर गाउँ पर्दछन् । पूर्वमा नागार्जुन वनदेखि पश्चिममा त्रिशूलीनदीसम्म लमतन्न भई सुतेको देखिने डाँडो लामीडाँडा नामले प्रख्यात छ । जीवनपुरको परिचय कसैलाई दिनुपर्दा 'लामीडाँडा जीवनपुर' भनेर दिने गरिएको पाइन्छ । उपरोक्त चार किल्लाभित्रको गाउँ नै जीवनपुर गाउँ हो । यही जीवनपुर गा.वि.स.वाड नं.४ मा पर्ने तामागुरु टोल नै पं.कुलचन्द्र गौतमको जन्मस्थान हो (गौतम, २०५५ : ११) ।

पं.कुलचन्द्र गौतमको जन्मवर्षको समयलाई लिएर विभिन्न विद्वान् तथा समालोचकहरूका बीचमा मतमतान्तर देखिन्छ । माधवराज गौतमले पं.गौतमको जन्मवर्ष वि.सं.१९३२ भनेर लेखेकाछन्, तर वि.सं.२०१२ सालमा तत्कालीन राजा श्री ५ महेन्द्रको राज्याभिषेकमा आफू ७९वर्ष भएको कुरा पण्डित गौतम स्वयंले नै उल्लेख गरेका हुँदा उनी जन्मिएको वर्ष वि.सं.१९३४ लाई नै मान्नुपर्ने बलियो आधार देखिन्छ । ईश्वर बराल र शिवराज आचार्य कौण्डिन्न्यायनले पनि पं.गौतमको जन्मवर्ष १९३४ नै हो भनी उल्लेख गरेका छन् । अम्बिकाप्रसाद अधिकारीले वि.सं.१९३४ लाई नै मान्नुपर्ने बलियो आधारका रूपमा राज्याभिषेककालीन कविवचनलाई नै अगाडि सारेको देखिन्छ । स्वयं कुलचन्द्र गौतमको आत्मोक्तिलाई आधार मानेर उनको जन्म वि.सं. १९३४ साल मान्नु उचित देखिन्छ ।

पं.कुलचन्द्र गौतम पं.रमाकान्त गौतम र सावित्री गौतमका कान्छा सन्तान हुन् । उनी मातापिता र दाजुहरूका माझमा प्यारा थिए । उनको बाल्यजीवन मातापिता र दाजुहरूका स्नेहका कारण सुखमयरहेको बुझिन्छ । उनका सहोदर दाजुहरू भद्रनिधि र दण्डपाणि हुन् । पं.गौतमकी एउटी दिदी पनि थिइन् । ती दिदी काशीवासका लागि पिता रमाकान्त गौतमसँगै बनारस गएकी र उनको मृत्यु उतै भएको देखिन्छ । पं.गौतमका अरू कतिवटी दिदीबहिनीहरू थिए भन्ने कुराको

तथ्यगत जानकारी भने प्राप्त छैन । उनका नाति वा नातिनीहरूबाट निकट भूतकालकै (दुई पुस्ता मात्र अघिको) यथार्थ तथ्य थाहा पाउन नसकिनु केही आश्चर्यको विषय लाग्छ ।

## ४.जीवन-परिवेश

पं.कुलचन्द्र गौतम जन्मेको समयमा अन्तर्राष्ट्रिय स्तरमा साम्राज्यवादी शक्तिको नेतृत्व गर्ने बेलायत र अन्य शक्तिराष्ट्रले फैलाएको उपनिवेशीकरणका कारण संसारका अधिकांश देशहरू उपनिवेशवादको चक्रमा फसेका थिए । नेपालको छिमेकी राष्ट्र भारत पनि बेलायतको उपनिवेश थियो । त्यति वेलाबेलायतकी महारानीविक्टोरिया विजयिनी भारतकी साम्राज्ञी थिइन् । नेपालमा पनि वि.सं.१९०३ सालमा कोतपर्वका कारणबाट एकतन्त्रीय राणाशासनको सूत्रपात भयो । प्रथम राणाप्रधानमन्त्री जङ्गबहादुरले अङ्ग्रेजलाई रिझाएकै कारण उनी नेपालका प्रधानमन्त्री बन्न पुगेको इतिहास पाइन्छ (शर्मा, २००८ :३४) । उनी मात्र होइन, उनीपछिका भाइभतिजाहरूले पनि अङ्ग्रेजकै आशीर्वादले नेपालको शासनसत्ताको बागडोर आफ्नो हातमा पार्न सफल भएको ऐतिहासिक सत्य नेपालको इतिहासमा उल्लेख छ (शर्मा, २००८ : ३५) । यस्तै परिवेशले गर्दा राणाशासनकै पहिलो पुस्ताका जङ्गबहादुरका भाइ रणोद्दीप त्यति वेलाका नेपालको प्रधानमन्त्री वा श्री ३ महाराज थिए । यसप्रकारको राजनैतिक परिवेशका कारण पं.कुलचन्द्र गौतमको परिवार पनि राणाशासनको चकचकी र जगजगीबाट प्रभावित भएको सहजै अनुमान गर्न सकिन्छ ।

पं.कुलचन्द्र गौतमको जन्मसमयमा पं.रमानाथ गौतमजस्ता पण्डितहरूले संस्कृत शिक्षातर्फ विशेष ध्यान दिएको पाइन्छ । राणादरबारमा भने अङ्ग्रेजी शिक्षाले प्रवेश पाइसकेको र त्यसको प्रभाव नेपालका अन्य सम्भ्रान्त वर्गमा पनि बिस्तारै परिसकेको थियो । जङ्गबहादुरले युरोपको भ्रमण गर्दा नेपालमा पनि अङ्ग्रेजी शिक्षाको आवश्यकता ठाने । उनले आफ्नो थापाथली दरबारमा दरबार हाइस्कुलको स्थापना गरी अङ्ग्रेजी विषयको पढाइ सुरु गराए (शर्मा,२००८ : ३६) । त्यति वेला राजधानीभन्दा बाहिर पूर्वी नेपालको भोजपुर जिल्लाअन्तर्गत दिङ्लामा श्रीषडानन्द ब्रह्मचारीको प्रयासबाट वि.सं.१९३२ मा एउटा संस्कृतपाठशाला खोलिएको थियो । काठमाडौँमा पनि राजधानीको वरपर बस्नेहरूका लागि अनुकूल हुने गरी रानीपोखरीको उत्तरतर्फ एउटा संस्कृत पाठशाला खोलिएको थियो । यो संस्कृत

पाठशाला रणोद्दीप सिंहले वि.सं.१९३४ सालमा खोलेको देखिन्छ (शर्मा, २००८ : ३६) । त्यस पाठशालाको राम्रो व्यवस्था प्रधानमन्त्री वीरशमशेर (कार्यकाल वि.सं.१९४२–५८) बाट भएको थियो । काशीराजकीय संस्कृत महाविद्यालयबाट सम्बन्धन प्राप्त भएको यस पाठशालामा अध्ययन गर्ने विद्यार्थीहरू वि.सं.१९५५सालदेखि नै काशी राजकीय संस्कृत महाविद्यालयमा परीक्षा दिन जाने गर्दथे (ढकाल र अरू, २०४० : ९९-१००) । यस पाठशालामा पढेका विद्यार्थीहरू काशीमा बसेर पढ्ने र पुण्य कमाउने परम्परामा अभ्यस्त हुन्थे ।

पं.कुलचन्द्र गौतमका पिता रमाकान्त गौतमले पनि काशीबाट शिक्षा प्राप्त गरेका थिए भन्ने बुझिन्छ । उनले काका विश्वेश्वरबाट नेपाली वर्णमाला क, ख, ग तथा रुद्राध्यायी सार र अष्टाध्यायीको अध्ययन गरेकाले उनलाई संस्कृतको प्रारम्भिक शिक्षा र शैक्षिक परिवेश घरबाटै प्राप्त भएको देखिन्छ । यिनै जीवनपरिवेशमा उनको जीवनी क्रमशः विकसित हुँदै गएको देखिन्छ ।

## ५. प्रपञ्चचर्चाको अध्ययन

कुलचन्द्र गौतमले आफ्ना कृतिहरूमा धर्म, संस्कृति, पुराण, आयुर्वेद, व्यक्तिस्तुति जस्ता विषयलाई महत्व दिएका छन् । तिनका अतिरिक्त उनले सामाजिक विषयहरूका बारेमा पनि वर्णन गर्दै कृतिहरू रचना गरेका छन् । आफ्ना कृतिहरूमा चयन गरेका विषयलाई उनले काव्यात्मक बनाएर प्रस्तुत गरेका छन् । उनका प्रकाशित कृतिमध्ये **प्रपञ्चचर्चा** (१९९३) काव्य विशेष रूपमा चर्चित कृति हो । उनले प्रस्तुत कृतिमा राणाशासनमा सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक एवं साँस्कृतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई प्रस्तुत गरेका छन् ।

## ६. रचना र पुनः प्रकाशन

गौतमद्वारा रचित प्रपञ्चचर्चा उनकै सक्रियतामा ‘लक्ष्मीनारायणमुद्रणालय काशी’ मा मुद्रित भई वि.सं १९९३ सालमा पहिलोपल्ट प्रकाशित भएको उल्लेख छ । यस काव्यलाई **कुलचन्द्र गौतम स्मृति संस्था २०६४** ले वि.सं.२०७० सालमा विशेष परिमार्जन गरी दोस्रोपल्ट प्रकाशित गरेको देखिन्छ । डा.टीकाराम

अधिकारीकाअनुसार जुन समयमा यस काव्यको प्रकाशन भएको थियो, त्यस समयमा नेपालमा कृतिप्रकाशनका लागि अनुकूल वातावरण थिएन । कुनै पनि लेखकका कृतिको प्रकाशनका निमित्त तात्कालीन **नेपाली भाषा प्रकाशिनी समिति**को स्वीकृति अनिवार्य चाहिन्थ्यो । यस्तो विषम परिस्थितिमा पनि गौतमको **प्रपञ्चचर्चा** काव्यलाई सो समितिबाट स्वीकृति प्राप्त भयो (अधिकारी, २०५६ : १३०) । प्रथमपल्ट प्रकाशित भएको प्रस्तुत काव्यको पृष्ठसङ्ख्या ८४ थियो भने श्लोकसङ्ख्या ६१ भएको बुझिन्छ । **कुलचन्द्र गौतम स्मृति संस्था २०६४** ले आवश्यक संशोधन गरी यस कृतिलाई द्वितीय संस्करणका रूपमा प्रकाशित गर्दा यस काव्यको पृष्ठसङ्ख्या ६० र श्लोकसङ्ख्या ६१ रहेको देखिन्छ। लेखक गौतमको भनाइअनुसार यो कृति **युगलचर्चा**को पूर्वार्द्धखण्डको एउटा अंश मात्र हो । यसको उत्तरार्द्ध खण्ड **परमार्थचर्चा** हो ।

प्रस्तुत काव्यमा गौतमले राणाकालीन मानिसका आध्यात्मिक मान्यताको अभिव्यक्ति दिएका छन् । आध्यात्मिक मान्यताअनुसार मानिसले आफूले गरेका नराम्रा कामहरूको प्रायश्चित्त गरेमा मात्र ती नराम्रा कामहरूबाट उत्पन्न हुने पापहरू नाश हुन्छन् । यस कुरालाई पूर्वीय अध्यात्मदर्शनले पनि स्वीकार गरेको छ । यस कुरालाई **प्रपपञ्चर्चा** काव्यले पनि आत्मसात् गरेको देखिन्छ । गौतमकाअनुसार सांसारिक प्रपञ्चको सिकारबाट समाजका विभिन्न व्यक्तिहरू बच्न सकेका छैनन् । त्यसरी प्रपञ्चको सिकारबाट बच्न नसकेको पीडितमध्ये आफू पनि एक भएको गौतमको कथन छ । प्रपञ्चको सिकारबाट बच्नका लागि उनले समाजको प्रतिनिधि भएर भगवान् गोविन्दलाई गुहारेका छन् । जस्तै : 'क्षमस्व गोविन्द! मम व्यतिक्रमम् ।' (हे गोविन्द! मेरा पापहरूका निम्ति मलाई क्षमा गर्नुहोस्) । गौतमले यस काव्यको नाम **प्रपञ्चचर्चा** राख्नुबाट पनि यसमा सांसारिक विषयको चर्चा भएको सङ्केत मिल्छ ।

**७.कथानक**

प्रस्तुत काव्यमा राणाकालीन समाजका मानिसहरूका प्रवृत्तिहरूलाई तीन किसिमले विभाजन गरिएको छ । दुराचारी शासक, पौरोहित्य पेसाबाट जीवनयापन गर्ने ब्राह्मण र धनवान्हरूको सेवा (चाकरी) गरी धन कमाएर त्यो धनलाई असत् मार्गमा लगाउने मानिसहरूका प्रवृत्तिलाई कविले **प्रपञ्चचर्चा** काव्यको मुख्य विषय बनाएका छन् । शक्तिका आडमा मनोमानी गर्ने शासकहरूको योग्यता र विधि

विना नै पौरोहित्य पेसामा संलग्न भई स्वस्तिशान्ति गराउँदै हिड्ने लोभी ब्राह्मणहरूका प्रवृत्ति यस कृतिको मुख्य कथ्य विषय हो । गौतमकाअनुसार तत्कालीन समाजका एकथरी मानिसले कर्तव्य नै नगरी चाकरीकै बलमा पैसा कमाउँथे । त्यस पैसालाई उनीरूले खराब काममा खर्च गर्दा राष्ट्रको क्षय भएको उनको कथन छ । यस्ता मानिसबाट राष्ट्रलाई बचाउन र ती मानिसहरूलाई सत्मार्गमा ल्याउन प्रेरित् गर्ने उद्देश्यले उनले यस काव्यको रचना गरेको बुझिन्छ । कविले यसमा विकृतिबाट मुक्त हुन प्रायश्चित्तका लागि भगवान् गोविन्दको प्रार्थना गरेका छन् । अर्थात् वाच्यार्थ कवि आफैँ हुन् भने समाजको प्रतिनिधि लक्ष्यार्थ बनेर उनी बोलेका छन् । पूर्वोक्त ३ प्रकारका पापहरूमा दुराचारसम्बन्धी पापहरूलाई कविले ३ अवस्थामा विभाजन गरेको देखिन्छ । ती हुन्–बाल्यावस्था, युवावस्था र वृद्धावस्था। यी तीन अवस्थालाई नै यस काव्यमा आख्यानात्मक सूत्र बनाई कथ्यको अभिव्यक्ति दिइएको पाइन्छ।

**(क) आदि भाग**

काव्यको कथानकअनुसार जीव अनेकौं जन्म पार गर्दै मानिस भएर जन्मन्छ । जन्मेपछि उसका बाल्य, यौवन र वृद्धावस्था गरी तीन अवस्था हुन्छन् । मानिसका यी तीन अवस्थाका प्रवृत्तिका बारेमा शास्त्रमा विशेष चर्चा भएको पाइन्छ । मानिसका तीन अवस्थामध्ये पनि कविले बाल्यावस्थालाई तीन अवस्थामा विभाजन गर्दै ती अवस्थाबाट उत्पन्न हुने प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । कविकाअनुसार बाल्यकालका कौमार, पौगण्ड र किशोर अवस्था मुख्य अवस्था हुन् । बाल्यावस्था अज्ञानी अवस्था हो र यस अवस्थामा नरोई खान पाइँदैन । यस्तो अवस्थामा हुन जाने पापको प्रायश्चित्तका लागि कविले भगवान्सँग यसरी क्षमा मागेका छन् ।

जस्तैः–

प्रभूतपापाध्वनिबद्धचेतसः स्वबन्धुताशंसितरोदनध्वनेः ।
अजानतः शैशवदूषितात्मनः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

(श्लो.२, पृ.२)

बाल्यावस्था पार गरिसकेपछि आउने अवस्था भनेको कौमार अवस्था हो । यस अवस्थामा मानिस अतिशय चञ्चल र अशान्तिले व्याकुल हुन्छ । केवल खेल्नु,

सुत्नु र खानुमा मात्र उसको बढी ध्यान जान्छ । यस्तो अवस्थाबाट उत्पन्न हुने पापको क्षमाका लागि उनले भगवान् गोविन्दसँग क्षमा मागेका छन् ।

जस्तैः–

नितान्तलोलस्य कुमारतावशादशान्तताव्याकुलितस्य केवलम् ।
विहारनिद्राभ्यवहारवेदिनः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो.३, पृ.२)

कौमार अवस्थापछि आउने पौगण्ड अवस्था हो । पौगण्ड अवस्थामा पनि मानिस अनेकौँ साथीहरूसँग प्रेमविभोर भएर घुम्न थाल्दा परिश्रमको पनि वास्ता गर्दैन र उफ्रँदै हिँड्छ । यस अवस्थामा भएका पापहरू नाश गर्नका लागि कविले भगवान् गोविन्दसँग क्षमा माग्दै यस्तो अभिव्यक्ति दिएका छन् ।

जस्तैः–

समं वयस्यैः प्रणयैकसंश्रयैमुहुर्मुदैवोच्छलतो गतश्रमम् ।
प्रचण्डपौगण्डनिदेशवर्तिनः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम्॥
(श्लो.४, पृ.३)

पौगण्ड अवस्थापछिको अवस्था किशोर अवस्था हो । यो अवस्था अरू अवस्थाभन्दा पनि जटिल हुन्छ । उनकाअनुसार किशोर अवस्थामा मानिसमा आफ्ना गुरुहरूलाई पनि ठग्ने प्रवृत्तिको विकास भएको हुन्छ । यस अवस्थामा उत्पन्न हुने पापहरूलाई क्षमा गर्ने शक्ति केवल गोविन्दमा छ भन्ने कविको कथन रहेको देखिन्छ ।

जस्तैः–

गुणित्वसाकाङ्क्षगुरूप्रतारणाप्रवीणतासाधनलब्धशर्म्मणः ।
असाधुकैशोरदशावलम्बिनः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम्॥
(श्लो.५, पृ.३)

किशोरावस्थापछि आउने युवावस्था हो । प्रायः यस अवस्थामा मानिसको आत्मा दूषित हुन्छ । आत्मा दूषित भएका बेलामा मानिसका मनमा विभिन्न पापहरू उत्पन्न हुन्छन् । यस अवस्थामा मानिसको प्रवृत्ति चञ्चल, व्याकुल र निद्राग्रस्त हुने हुँदा यस अवस्थामा उत्पन्न भएका पापहरूबाट बच्नका लागि भगवान् गुहार्नु उचित हुन्छ ।

### (ख) मध्य भाग

कविकाअनुसार युवावस्थामा मानिसको मन कामवासनातिर तानिएको हुन्छ । यस अवस्थामा मानिस धन, रूप र अहम्को मदले युवतीहरूसँगै लट्ठिन थाल्छ । यस अवस्थामा मानिस कामविषयप्रति बढी लोभिने हुनाले उसको मन दूषित हुन पुग्छ । कविकाअनुसार यौवनको मदले गर्दा मानिस आफूलाई जन्म दिने आमालाई पनि नराम्रो व्यवहार गर्छ । यस अवस्थामा मानिसहरू पत्नीको दास बन्छन् । यो नै उसको बुद्धि नाश गर्ने साधन हुन्छ । त्यसैले यस अवस्थामा उत्पन्न हुने पापहरूको नाशका निमित्त गोविन्द नै सक्षम छन् भन्ने कविको धारणा रहेको देखिन्छ ।

जस्तैः–

युवत्वमाद्यन्मनसः प्रसूद्विषः सहासजायाजनदासताजुषः ।
विदग्धतादग्धविशुद्धपद्धतेः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो.४, पृ.३)

यस अवस्थाका मानिसका अरू पनि थुप्रै मनोविकृतिहरूको चर्चा **प्रपञ्चचर्चा**मा गरिएको छ । कविका अनुसार युवावस्थाको मानिस आफ्नो जप, पाठपूजा आदि कर्महरू विधि नपुऱ्याई चाँडै सकेर नचाहिँदो गफमा लाग्ने गर्छ । शास्त्रले अभक्ष्य मानेका पदार्थहरू किन्नका निमित्त द्विजजातिका मानिसहरू पनि बजारमा लाम लागेर बस्ने प्रवृत्तिको वर्णन काव्यमा छ । यसप्रकारका प्रवृत्तिबाट हुने पापहरूको प्रायश्चित्तका लागि उनले भगवान्लाई यसरी पुकारेका छन् ।

जस्तैः–

परस्य कर्माणि परस्य कर्मणोः शनैः सतोषं जपतोऽपि दुःखिनः ।
हतोपलब्धेर्भजतो भुजिष्यतां क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ।
(श्लो. ४२, पृ. ३५)

प्रस्तुत कृतिमा कविले विशेष गरी पुरोहित पेसाबाट हुने पापहरूको वर्णन गरेका छन् । उनकाअनुसार तत्कालीन समाजमा खराब मानिसहरूले गरेका पापहरूलाई पखाल्ने भन्दै पुरोहितहरू जथाभावी तरिकाले स्वस्तिशान्ति गर्दै हिँड्थे । तिनीहरूका ती प्रवृत्तिबाट समाजमा पौरोहित्य पेसा निन्दित हुने भएकाले त्यस्ता प्रवृत्तिरूलाई निरुत्साहित गर्नका लागि उनले आफूमार्फत् गोविन्दसँग क्षमा मागेका छन् ।

जस्तैः–

सलोहपात्रानुपहस्य सम्मतः प्रतिग्रहान् राहुजपार्थदक्षिणाम् ।
स्वबाहुगां द्यूतदिनाय रक्षतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
निपीडितस्यापि यथेच्छमृच्छतः स्थितिं ग्रहाणां गणकाँश्च पृच्छतः ।
प्रतिग्रहं चार्जयतः प्रति ग्रहं क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ।
(श्लो. २७–२८, पृ. १६–१७)

प्रपन्नलोकाभयदानदीक्षितं पुरस्थितं त्वामनिरीक्ष्य चक्षुषा ।
विपत्तिलुप्तप्रतिपत्तिशोचतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

(श्लो. ६१, पृ. ५९)

यसप्रकार कविले प्रस्तुत काव्यमा मानवमनका पाशविक प्रवृत्तिको स्पष्ट व्याख्या गरेका छन् । उनका अनुसार मानिसको मन जसरी पनि भोगविलासमा मस्त रहन चाहन्छ । मनको अन्तःप्रवृत्तिको वास्ता नगरी हिँड्दा पनि मानिस असन्तुलित हुन्छ

। साथै मनको दमन हुँदा विकृतिहरू उत्पन्न हुन पनि बेर लाग्दैन । यस स्थितिमा मान्छेले सदाचारको बाटो अँगाल्न आवश्यक छ भन्ने कविको धारणा रहेको देखिन्छ । यसमा कविले तात्कालीन ब्राह्मणवर्गको अहङ्कार, नित्यकर्म त्याग, गोसेवा त्याग आदि अनेकौँ दोषहरूको विश्लेषण गरेको देखिन्छ ।

जस्तै :–

अपोढविद्यस्य तपो न जानतो निजं सदातारमधो निनीषतः ।
प्रतिप्रभु प्रार्थयतः प्रतिग्रहं क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो.२३, पृ.१२)

जपादिना वार्धुषिकत्वमृच्छतोऽनपाकृतर्णत्रितयस्य कर्हिचित् ।
विनष्टमूलस्य सकष्टसंस्थितेः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो.३७, पृ.२८)

प्रयत्नसम्पन्नपरान्नभक्षणप्रणद्धकुक्षेर्हतसान्ध्यकर्मणः ।
चिरस्य सालस्यतया सतः क्वचित् क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ।
(श्लो.४०, पृ.३०)

समत्स्यबल्लूरवसासु मध्यतः सकुक्कुटाण्डास्वपि भक्ष्यराजिषु ।
स्वयं यथेच्छं विपणेः प्रतीच्छतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो.४९, पृ.४२)

**(ग) अन्त्य भाग**

यस भागमा मान्छेका वृद्धावस्थाको बारेमा चर्चा गरिएको छ । मान्छे बूढो भएपछि पनि पापकर्ममा संलग्न हुन्छ । शारीरिक अवस्थाले गर्दा ऊ बूढो हुन्छ । उमेर र अनुभवले गर्दा यस अवस्थामा गम्भीर प्रकृतिको पाप नगरे पनि मानिसबाट मानसिक पापहरू भने प्रशस्तै हुन्छन् । कविले यस कृतिमा त्यस्ता पाप उल्लेख गरेका छैनन् । नगर्नुको कारण उनी आफैँ पनि यो काव्यरचना गरेको समयमा वृद्धावस्थामा पुगेको कुरा मुख्य कारण हुन सक्छ । यसरी काव्यको कथानकलाई माथि उल्लेख गरिएका आदि, मध्य र अन्त्य भागमा संयोजित गरिएको पाइन्छ ।

कथानक घटनाप्रधान नभई प्रवृत्तिहरूको वर्णनमा केन्द्रित छ। त्यसैले यस काव्यको आख्यान कविको अनुभव र अध्ययनमा आधारित देखिन्छ ।

## ९.पात्रविधान

अनुभूति र आख्यानमय काव्यतत्वलाई निजी व्यक्तित्वको प्रकाशको आलोकमा सशक्त र जीवन्त एवं संवेद्य र मार्मिक तुल्याउनमा पात्रविधानको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कथावस्तुलाई गतिशीलता प्रदान गर्ने काम पात्रले गर्छ । पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन किसिमका हुन्छन् । पात्रहरू अनुकूल प्रतिकूल, गतिशील, गतिहीन, व्यक्तिगत, वर्गगत, प्रत्यक्ष, अप्रत्यक्ष, सजीव, निर्जीव र वस्तुयुक्त हुन्छन् । अनुभूतिको आख्यानीकरणको सुन्दर संयोजनमा उत्कृष्ट काव्यको सौन्दर्य सिर्जित हुन्छ। त्यसमा पात्रले कलात्मक र काव्यात्मक भूमिका निर्वाह गर्दछ । त्यसैले उत्कृष्ट कलात्मक रसमय परिपाकका निम्ति काव्यमा पात्रको उपस्थिति अपरिहार्य हुन्छ।

गौतमको **प्रपञ्चचर्चा** काव्य धार्मिक काव्यको रूपमा परिचित छ। धार्मिक काव्य भए पनि यसमा उनले समाजका दुराचारी व्यक्तिहरूका प्रवृत्तिलाई पद्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । यसमा मूलतः कवि स्वयं नै प्रमुख पात्रका रूपमा मुखरित भएका छन् ।

### (क) मुख्य पात्र

यस काव्यका मुख्य पात्रका रूपमा लेखकले आफूलाई नै प्रस्तुत गरेका छन्। यहाँ कविले तात्कालीन समाजमा भएका विकृतिको जड अन्य कुनै व्यक्ति नभएर आफू नै हुँ भनेका छन् । जूवा खेल्ने, धेरै धन पाए जस्तो सुकै खराब दान पनि लिन पछि नपर्ने जस्ता प्रवृत्ति आफूमा नै रहेको छ भन्दै यी कुरालाई उनले वाच्यार्थमार्फत् व्यक्त गरेका छन्। धन, बैंस र शक्तिका आडमा समाजलाई विकृत पारेकोमा त्यसका प्रायश्चित्तका लागि उनले भगवान् गोविन्दसँग बारम्बार क्षमा मागेका छन् । यस काव्यमा प्रत्यक्ष रूपमा देखिने सजीव एवं मानवीय मुख्य पात्रका रूपमा उनको भूमिका बौद्धिक र आध्यात्मिक स्वरूपको देखिन्छ।

### (ख) सहायक पात्र

शक्तिमा रहेका राणाहरू र तिनको चाकरीमा रमाउने व्यक्तिहरू यस काव्यका सहायक पात्र हुन् । यस काव्यका सहायक पात्रहरू असत् चरित्रको भूमिकामा देखिन्छन् । कविले उनीहरूले गरेका नराम्रा कर्मलाई सोझै प्रस्तुत नगरी आफैँ समाजको प्रतिनिधि बनेर लक्ष्यार्थमार्फत् वर्णन गरेका छन् । राणाशासनका केही मानिसले गरेका नराम्रा कार्यले नेपाली समाज दिनानुदिन अधोगतितर्फ धकेलिएको कुरालाई कविले बढी महत्व दिएर प्रस्तुत गरेको देखिन्छ । प्रत्यक्ष रूपमा नदेखिने यी सहायक पात्रहरू मानवीय छन् ।

### (ग) गौण पात्र

शक्तिका आडमा आफूले जे गरे पनि हुन्छ भन्ने मान्यता राख्ने शासकहरूले गरेका खराब कर्मलाई लोभका वशमा परी स्वस्तिशान्ति गराउँदै हिँड्ने गुरुपुरोहितहरू **प्रपञ्चचर्चा**का गौण पात्र हुन् । ब्राह्मणका ६ वटा कर्म मुख्य हुन्छन् । पढ्नु, पढाउनु, यज्ञ गर्नु, गराउनु, दान दिनु र लिनु ती कर्महरू हुन् ।  त्यति बेलाका ब्राह्मणहरूले शवदाह गर्ने, ग्रहको दान लिने, धर्मबाट पतित व्यक्तिलाई चोख्याउनका निमित्त विनाविधि यज्ञ गर्ने जस्ता कार्य गर्दा ब्राह्मणधर्म नै दिनानुदिन च्युत हुँदै गएको बुझाइ कविको छ । त्यसैले उनले यस्ता प्रवृत्तिप्रति प्रस्तुत काव्यमा चिन्ता प्रकट गरेका छन् । यस काव्यको पात्रविधान मूलतः मान्छेका प्रवृत्तिको उद्घाटनका लागि सहयोगी बनेको छ ।

## १०. परिवेश विधान

काव्यमा चरित्रचित्रणलाई सहज तथा जीवन्त बनाउन र कथावस्तुलाई मूर्त रूप दिन परिवेशको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अर्को शब्दमा भन्दा जुनसुकै घटनाहरू कुनै न कुनै स्थान, समय र वातावरणमा घटित हुन्छन् र पात्रहरू कुनै न कुनै परिवेशको  धरातलमा आश्रित हुन्छन् ।

**प्रपञ्चचर्चा** काव्यको रचना भएको समयमा नेपाल जहानियाँ राणाशासनको नियन्त्रणमा थियो । त्यसकारण राणाशासनको समय नै प्रस्तुत काव्यको कालिक परिवेश हो । स्थानिक परिवेशमा काठमाडौँ उपत्यकालाई लिइएको देखिन्छ । राणाहरूका अत्याचार र दमनले नेपाली जनताहरू उनीहरूका विरुद्ध बोल्न र लेख्न डराउँथे । जहानियाँ राणाकालीन राजनैतिक परिवेशले गर्दा नेपाली जनता आतङ्कित र भयभीत थिए । (गौतम, दोस्रो संस्करण,२०६८:ज) । शक्तिमा रहेका राणाहरूको चाकरी गर्ने र कसरी आफ्नो स्वार्थका लागि तिनीहरूको विश्वास जित्ने भन्ने पक्षमा समाजका केही मानिसहरू अभ्यस्त भइसकेका थिए ( गौतम, पूर्ववत्) । यसै परिप्रेक्ष्यमा दरबारिया गुरुपुरोहितहरूले पनि चाकरी स्वरूप शक्तिशाली राणाहरूले गरेका कुकृत्यलाई शास्त्रीय विधि र ब्राह्मण धर्मको विपरीत स्वस्तिशान्ति गरी चोख्याइदिने गर्थे । यस कुरालाई नै यस काव्यमा विशेष महत्वका साथ ध्वनित गरिएको छ (गौतम, पूर्ववत्) । यस्ता मानिसका आचरणले नेपालको सामाजिक, धार्मिक तथा आर्थिक क्षेत्रमा देखिएका विकृति नै यस काव्यको मुख्य परिवेश रहेको देखिन्छ ।

## ११. भावविधान

भाव काव्यको आन्तरिक र अनिवार्य तत्व हो । **प्रपञ्चचर्चा** काव्यले शमभावलाई मुख्य भावका रूपमा अङ्गिकार गरेको देखिन्छ । त्यसका अतिरिक्त उत्साह, भय आदि भावहरू पनि यस काव्यमा आएका छन् । यस्ता भावहरूले पनि शमभावलाई नै मद्दत् पुऱ्याएका छन् । शमभावका पोषक तत्वका रूपमा शङ्का, उत्सुकता, उन्माद, चञ्चलता, स्मृति, वितर्क, चिन्ता आदि सञ्चारी भावहरू पनि काव्यका ठाउँठाउँमा प्रकट भएका छन् । शक्तिमा रहेका शासक र तिनीहरूको चाकरी गरेर आफ्नो अभीष्ट पूरा गर्ने राणाशासनकालीन मानिसका स्वार्थी प्रवृत्तिको उद्घाटन गर्दै शमभावलाई उत्कर्षमा पुऱ्याउने प्रयत्न यसमा गरिएको छ । यसका अतिरिक्त ब्राह्मणधर्मको ख्याल नगरी दक्षिणाको लोभले दुराचारी मानिसका घरघरमा गई स्वस्तिशान्तिका नाममा तिनीहरूले गरेका पापलाई चोख्याउने काम गर्ने पुरोहितप्रति व्यङ्ग्य गरिएको छ । तलका उद्धरणले काव्यको मुख्य भावपक्षलाई सम्बोधन गरेका छन् ।

जस्तैः–

परस्य कर्माणि परस्य कर्णयोः शनैः सतोषं जपतोऽपि दुखिनः ।
हतोपलब्धेर्भजतो भुजिष्यतां क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
जपार्थिनस्तत्क्षणजातया शयात् प्रमीलया पातयतोऽक्षमालिकाम् ।
दिवानिशं द्यूतदिनेषु जाग्रतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो. ४२–४३, पृ. ३५–३६)

सारांशमा शमभाव नै प्रस्तुत काव्यको केन्द्रीय भाव रहेको देखिन्छ ।

## १२. केन्द्रीय कथ्य

**प्रपञ्चचर्चा** काव्यमा गौतमले तत्कालीन समाजका मानिसका खराब आचरणका कारणले उत्पन्न विसङ्गतिलाई पद्यका माध्यमले वर्णन गरेका छन् । उनले शासकहरूले शक्तिका आडमा गरेका कुकृत्यले तत्कालीन समाज दिनानुदिन विकृत र कलुषित बन्दै गएको कुरालाई काव्यमा महत्व दिएर चर्चा गरेको देखिन्छ । कविकाअनुसार त्यस समयमा बन्धुहत्या र हाडनाताकरणी सम्बन्धी पापहरू पनि दिनानुदिन बढ्दै गएका थिए । शक्तिमा हुने व्यक्तिहरूले गरेका यस्ता प्रकृतिका पापहरूलाई ठूला पण्डितहरूले पनि विभिन्न प्रभावमा परी प्रायश्चित्त गराई चोख्याउने गर्थे ।

कविका विचारमा मानिसबाट बाल्यावस्था, युवावस्था र वृद्धावस्थामा तीन प्रकारका पाप हुन जान्छन् र त्यसरी हुन जाने पाप आफूबाटै भएका हुन्छन् । यसले समाज र व्यक्तिलाई असर पार्छ । समाजमा देखिएका विकृतिको अन्त्य भएमात्र समाज विकसित भई अगाडि बढ्छ भन्ने कुरा नै यस काव्यको मुख्य कथ्य हो । तलको अभिव्यक्तिले यस कुरालाई स्पष्ट पार्छ ।

जस्तैः–

नतं विधाय त्रिवितस्ति मस्तकं करिष्यतः स्वस्ति पुरः कृताञ्जलेः ।

उपेक्ष्यमाणस्य सतोऽनुधावतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
अजानतः प्रत्यभिवादनं सतोऽभिवादनं विप्रतया जिघृक्षतः ।
तिरोभवत् सत्वतया निरोजसः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो. २०–२१, पृ.११-१२)

## १३. कथनपद्धति

**प्रपञ्चचर्चा** काव्यमा कविप्रौढोक्ति पद्धतिद्वारा कविले आफ्नो विचार व्यक्त गरेका छन् । यस काव्यमा संवादको व्यवस्था छैन । संवाद नभएकाले नाटकीय तत्व पनि भेटिँदैन । कविप्रौढोक्ति कथनपद्धतिबाट राणाकालीन समाजले निम्त्याएका नराम्रा कुराको बारेमा चर्चा गरिएको छ । समाज विकृत बन्नुमा राणाहरू र तिनको चाप्लुसी गर्ने चाकरीबाजहरूलाई कविले मुख्य दोषी मानेका छन् । कविकाअनुसार शक्तिका आडमा कुकृत्य गरी हिँड्ने शासक र तिनका मतियारहरू समाजलाई कुरूप बनाउने मुख्य पक्ष हुन् । यस कुरालाई उनले यसरी सङ्केत गरेका छन् । जस्तैः–

अनादृतप्रत्यभिवादनान् जनान् धनाशया दूरगतान् नमस्यतः ।
निजाँश्च पूज्यानपि हा ! जिहासतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम्॥
अपोढविघ्नस्य तपो न जानतो निजं सदातारमधो निनीषतः ।
प्रतिप्रभु प्रार्थयतः प्रतिग्रहं क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो. २२–२३, पृ.१२–१३)

प्रस्तुतिमा एकोहोरो वर्णनात्मक शैली अपनाइएको भए पनि तार्किकता र नैतिक सन्देशका कारण अभिव्यक्ति आकर्षक एवम् प्रभावकारी नै बनेको छ । यसका साथै कवि स्वयंले अनुभूतिप्रवाहको संयोजनमार्फत् यस काव्यलाई सम्प्रेषणीय बनाएको पाइन्छ ।

## १४.छन्दविधान

छन्द काव्यको विधागत मौलिकताको मुख्य आधार हो भने काव्यमा छन्दको प्रयोगबाट श्रुतिमाधुर्य प्राप्त हुन्छ । साहित्यका अन्य विधाबाट काव्यलाई फरक पार्ने काम छन्दले नै गर्छ (ज्ञवाली, २०७० : ९) । यो काव्यको साथै त्यसको एक उपविधाका रूपमा रहने काव्यको मुख्य तत्व पनि हो । काव्यमा सौन्दर्यपूर्ण भाषाका वर्णगत र पङ्क्तिगत एवं अनुच्छेदगत बनोटबाटै लय उत्पन्न हुने र समृद्ध हुने गर्छ । काव्यको सौन्दर्यपूर्ण भाषामा पनि वर्णसमूहको प्रयोगका स्तरदेखि नै छन्दको न्यूनतम एकाइ थालिन्छ । त्यसपछिका शब्द/पद, पदावलीका बीचबीचका उपविराम र विराम हुँदै वाक्यपङ्क्ति वा पाउका स्तरमा पुगी त्यसले साङ्गीतिक लहरहरूका रूपमा श्रुतिमाधुर्य सिर्जना गर्छ । गायत्री, उष्णिक, अनुष्टुप्, बृकती, पङ्क्ति, त्रिष्टुप्, जगती इत्यादि छन्दहरूबाट नै इन्द्रवज्रा, शालिनी, बंशस्थ इत्यादि लौकिक वृत्तहरूको उत्पत्ति भएको कुरा विज्ञहरू बताउँदछन् । लौकिक वृत्तहरूलाई नै छन्द भनिने गरेको छ तापनि त्यसो भन्नु अनुपयुक्त हुने कुरा छन्दःशास्त्रका विज्ञहरूले बताएको देखिन्छ (आचार्य, २०२८, पृः ख) ।

**प्रपञ्चचर्चा** काव्यको छन्दविधान संस्कृत शास्त्रीय वार्णिक वंशस्थ छन्दमा गरिएको छ । तलको उदाहरणले यसमा प्रयुक्त छन्दःप्रयोगको स्वरूप बुझ्न सकिन्छ ।

जस्तैः–

अनादृतप्रत्यभिवादनान् जनान् धनाशया दूरगतान् नमस्यतः ।
निजाँश्च पूज्यानपि हा ! जिहासतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम्॥

(श्लो.२२, पृ.१२)

छन्दलाई प्रभावकारी र श्रुतिमधुर बनाउन कविले आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको समुचित विन्यास गरेको पाइन्छ । यसले गर्दा काव्यले लयको माधुर्य प्राप्त गरेको छ । लय तथा अर्थको औचित्यमूलक समीकरण हुनुले पनि यस काव्यको छन्दोविधान विशिष्ट बनेको छ । छन्दोविधानका दृष्टिले **प्रपञ्चचर्चा** सफल बनेको छ ।

## १५. अलङ्कारविधान

शब्द र अर्थमा रहेको वैचिœयले काव्य सुशोभित भई श्रोता र बोद्धाहरूको हृदयमा भित्री आनन्द र उल्लासस्वरूप चमत्कार पैदा गर्ने वैचिœयको साधन अलङ्कार हो। अलङ्कारलाई परिभाषित गर्ने क्रममा आचार्यहरूले यसलाई दुई किसिमले परिभाषित गरेका छन् :

१. अलङ्करोतीति अलङ्कारः (जसले शोभित गर्छ त्यो अलङ्कार हो)।

२. अलङ्क्रियते अनेन इति अलङ्कारः (जसद्वारा शोभित हुन्छ त्यो अलङ्कार हो)।

पहिलो परिभाषाले अलङ्कारलाई काव्यको अनिवार्य र प्रमुख तत्वका रूपमा परिभाषित गरेको छ भने दोस्रो परिभाषाले अलङ्कारलाई काव्यको शोभाकारक तत्वका रूपमा परिभाषित गरेको छ। काव्यको सौन्दर्यको सृष्टि अलङ्कारले गर्दछ भन्ने धारणा अलङ्कारवादीहरूको छ भने रस तथा ध्वनिवादीहरूको धारणा अलङ्कार काव्यको सौन्दर्यवर्द्धक तत्व हो भन्ने रहेको छ।

अलङ्कार सम्प्रदायका संस्थापक आचार्य भामहले अलङ्कारको परिभाषा दिँदै भनेका छन्–**वक्राभिधेयशब्दोक्तिरिष्टा वाचालंकृति :** (काव्यालङ्कार, श्लो.१,पृ. ३६)। शब्द र अर्थको वक्रता वा वैचिœयलाई अलङ्कार भनिन्छ। उनले अलङ्कारका लागि वक्र भनाइ आवश्यक हुने र त्यसप्रकारको भनाइ नभएमा काव्य सामान्य भनाइभन्दा माथि जान नसक्ने कुरा बताउँदै अलङ्कारको निर्माणका लागि वक्रोक्तिमा जोड दिएका छन्। उनले अलङ्कार काव्यको आत्मा हो भनी सोझै नभने पनि व्याख्यामा अलङ्कारलाई काव्यको अङ्गीतत्वका रूपमा लिएर काव्यात्माकै रूपमा प्रतिष्ठापित गर्ने प्रयत्न गरेका छन्।

रुद्रटले **अभिधानप्रकारविशेषा एव चालङ्कारा:** (रुद्रटालङ्कार) भनी विशेष प्रकारको कथनलाई अलङ्कार मानेका छन् भने दण्डीले **काव्यशोभाकरान्धर्मानलङ्कारान्प्रचक्षते** (काव्यादर्श, २, १) भनी अलङ्कारलाई काव्यको शोभाकारक (सौन्दर्यसर्जक) धर्म (तत्व) का रूपमा लिएका छन्। यस भनाइभित्र अलङ्कारमा रस, भाव, सन्धि, वृत्ति आदि सबै सौन्दर्यसर्जक तत्वहरूलाई समावेश गरिएकाले उनको परिभाषा केही उदार देखिन्छ। दण्डीले जस्तै उद्भटले पनि अलङ्कारलाई सौन्दर्यको पर्याय मानेका छन् (केशवप्रसाद, २०५५,पृ. ९६)। अलङ्कारलाई काव्यको महत्वपूर्ण तत्व (आत्मतत्व) का रूपमा

लिने अर्का आचार्य जयदेव हुन् । उनले अलङ्कारको महत्वलाई प्रतिष्ठापित गर्दै यसको परिभाषा दिने क्रममा तापविनाको आगोको कल्पना गर्न नसकिएझैं अलङ्कारविनाको काव्यको कल्पना गर्न सकिँदैन (चन्द्रलोक,श्लो. १,पृ. ८) भन्ने विचार प्रस्तुत गरेका छन् ।

अलङ्कारवाद इतर सम्प्रदायका आचार्यहरूले अलङ्कारका बारेमा आफ्ना परिभाषा प्रस्तुत गरी अलङ्कारवादीहरूकाभन्दा केही पृथक् धारणा प्रस्तुत गरेको पाइन्छ । रसलाई काव्यको आत्मा मान्ने अग्निपुराणमा अलङ्कार काव्यको शोभाकारक धर्म भएकाले अलङ्कारले शब्द, अर्थ र शब्दार्थोमयलाई अलङ्कृत पार्दछ भनिएको छ । अर्का आचार्य रीतिवादी वामनले रीतिलाई काव्यको आत्मा मान्दै अलङ्कृत शब्दले यमक, उपमा आदिलाई बुझाउँछ भन्ने जनाएका छन् (उपाध्याय, २०५५, पृ. ९७) । यसपछिका ध्वनिवादी आचार्य आनन्दवर्द्धनले पनि अलङ्कारलाई चिनाउने क्रममा भनेका छन्–

**अलङ्कारो हिबाह्यालङ्कारसाम्यादङ्गिनश्चारुत्वहेतुरूच्यते** (ध्वन्यालोक, दोस्रो उद्योत, कारिका ४०) अलङ्कार लौकिक आभूषणझैं अङ्गी (रस) को सौन्दर्यसाधन हो । उनका विचारमा अलङ्कार काव्यको साध्य नभएर बाह्य शोभावर्द्धक तत्वमात्र हो । यस्तैअर्का आचार्य मम्मटले आनन्दवर्द्धनकै विचारसँग सहमति जनाउँदै शब्द र अर्थद्वारा रसको सौन्दर्य बढाउने अनुप्रास, उपमा आदि अलङ्कार हुन् र ती हार आदिजस्तै आभूषण हुन् (काव्यप्रकाश, ८/६७) भनेका छन् । उनीपछिका आचार्य विश्वनाथले अलङ्कारलाई शब्द र अर्थका अस्थिर धर्म भैकन पनि शब्द र अर्थको सौन्दर्य बढाउँदै रस र ध्वनिलाई पुष्टि गर्ने तत्व नै अलङ्कार हुन् (साहित्यदर्पण, १० । १) भनेका छन् । पूर्वीय साहित्यका अन्तिम प्रसिद्ध आचार्य तथा रसवादी आचार्य जगन्नाथले अलङ्कारको सम्बन्धमा **अथास्य प्रागभिहितलक्षणस्य काव्यात्मानो व्यङ्गस्य रमणीयताप्रयोजका अलङ्काराः निरूप्यन्ते** (रसगङ्गाधर, २, १९४) अलङ्कारहरू भनेका काव्यात्मा रसको सौन्दर्यलाई उजागार गर्ने रमणीयता प्रदान गर्न सहयोगी तत्वहरू हुन् भनेको पाइन्छ ।

यसरी हेर्दा अलङ्कारको परिभाषाका क्रममा स्पष्ट दुई धारका आचार्यहरू देखा पर्दछन् । एकथरी आचार्यहरू काव्यको धर्मका रूपमा अलङ्कारलाई लिँदा अलङ्कार काव्यको सौन्दर्यकारक तत्व हो भन्छन् भने अर्काथरी आचार्यहरूले काव्यलाई शोभा बढाउने तत्व हो भन्छन् । यी दुईबीचको तटस्थ विन्दुमा रहेर अलङ्कारको परिभाषा निम्नानुसार गर्न सकिन्छ–

मूल रूपमा अलङ्कार शब्दार्थ प्रयोगको त्यो असाधारणता हो जो एकातिरबाट वाणीको इष्ट अलङ्कृति (सजावट) हो भने अर्कोतिर सामान्य कथनभन्दा माथि उठेर अतिशयतामा आधारित अभिव्यक्ति हो ।

अलङ्कारशब्द र अर्थमा दुवैमा हुन्छ। शब्दमा आश्रित अलङ्कार शब्दालङ्कार हो भने अर्थमा आश्रित अलङ्कार अर्थालङ्कार हो । शब्द र अर्थ दुवैमा संयुक्त रूपमा आश्रित अलङ्कारलाई उभयालङ्कार भनिन्छ । यसै सैद्धान्तिक आधारलाई आत्मसात् गर्दै कुलचन्द्र गौतमले पनि प्रस्तुत काव्यमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरेका छन् ।

**(क) शब्दालङ्कार**

**वृत्यनुप्रास**

एउटा व्यञ्जनवर्णको अनेकपल्ट आवृत्ति भएमा **वृत्यनुप्रास** शब्दालङ्कार हुन्छ । तलको श्लोक यसको उदाहरण हो ।

परस्य कर्माणि परस्य कर्णयोः शनैः सतोषं जपतोऽपि दुःखिनः ।

हतोपलब्धेर्भजतो भुजिष्यतां क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो. ४२, पृ.३५)

**अन्त्यानुप्रास**

श्लोकका विश्रामस्थानमा वर्णको आवृत्ति देखिएका **अन्त्यानुप्रास** शब्दालङ्कार हुन्छ । यस काव्यमा अनेक श्लोकमा यो अनुप्रास पाइन्छ ।

जस्तै :

घृणासमाकुञ्चितघोणमुच्चकैर्विपत्तिताम्यत्तनु पञ्चकम् ।
सदम्भमम्भः पिवतः ससोरकं क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

(श्लो.५१, पृ.४)

प्रस्तुत श्लोकको पहिलो र दोस्रो पङ्क्तिका अन्त्यमा **म** व्यञ्जनवर्णको आवृत्ति भएको देखिएकाले **अन्त्यानुप्रास** शब्दालङ्कारको प्रयोग भएको देखिन्छ । यस काव्यमा शब्दालङ्कार अन्तर्गत विभिन्न अनुप्रासका भेदहरू पाइन्छन् ।

### (ख) अर्थालङ्कार

**प्रपञ्चचर्चा** काव्यमा गौतम अर्थालङ्कारको प्रयोगमा पनि सफल देखिन्छन् । प्रस्तुत काव्यमा उपमा, रूपक र उत्प्रेक्षा अर्थालङ्कारको प्रयोग भएको पाइन्छ ।

जस्तैः–

उपमा

निमन्त्रणातिक्रमणेन गौरवं निजं प्रतिष्ठापयतः पशोरिव ।

मदादधिब्राह्मणगोष्ठि गर्जतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

(श्लो.३२, पृ.२१)

प्रस्तुत श्लोकमा आफ्नो प्रतिष्ठालाई स्पष्ट पार्न पशुसँग सादृश्यविधान गरेकाले उपमा अलङ्कार प्रयोग भएको छ ।

रूपक

युवत्वमाद्यान्मनसः प्रसूद्विषः सहासजायाजनदासताजुषः ।

विदग्धतादग्धविशुद्धपद्धतेः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

(श्लो.७, पृ.४)

प्रस्तुत पद्यमा आँखालाई कपिलमुनिको आँखासँग सादृश्य गर्न तुलना नगरी सोझै प्रस्तुत गरिएकाले रूपक अलङ्कार भएको छ ।

**उत्प्रेक्षा**

निपीतदुग्धा अपि गाश्चिरं भृता जरापरीता इति दुर्भरा इति ।

हिता इहामुत्र चहा ! जिहासतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो.५०, पृ.४६)

यस काव्यका अरू श्लोकहरूमा पनि उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको पाइन्छ। माथिको श्लोक एक उदाहरण मात्र हो ।

**१७. भाषा**

काव्यमा कथ्यलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न भाषा र शैलीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । भाषा अभिव्यक्तिको साधन हो भने शैली अभिव्यक्तिको तरिका हो । **प्रपञ्चचर्चा** धार्मिक काव्य हो । गौतमले यस काव्यको कथन गर्दा विषयवस्तु अनुरूपको भाषा प्रयोग गरेको देखिन्छ ।। कवि नेपाली मातृभाषी हुन् तर प्रस्तुत काव्यको रचना संस्कृतमा गरेका छन् । संस्कृत भषामा पनि उनको पकड उच्च रहेको देखिन्छ । उनले विषयवस्तुलाई प्रस्तुत गर्दा साहित्यशास्त्रका नियमहरूका पूर्णतः पालना गरेका छन् । हिज्जेसम्बन्धी नियमहरू खज्मजिएका छैनन् । तलका श्लोकहरूबाट यस कुराको पुष्टि हुन्छ–

प्रवृत्तमात्रस्य धिया ऽनवस्थया यथाकथंचित् परपाठकर्मणि ।

द्विजत्वदं पाठमजानतो निजं क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥

सत : पथि स्यन्दनमध्यवर्तिनां प्रतीक्ष्य दृग्वारिजकोणवीक्षणम् ।

प्रतीक्ष्यतामात्मन एव वाञ्छतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो.१७–१८, पृ.८)

प्रपञ्चचर्चा काव्यको संस्कृत भाषा शास्त्रीय र सम्प्रेषणीय स्वरूपको देखिन्छ ।

## १८. शैली

कविले यस काव्यका श्लोकहरूलाई रचना गर्दा संस्कृत काव्यमा प्रचलित रीति/शैलीलाई उपयोग गरेको देखिन्छ । तलका उद्धरणहरूले विभिन्न शैलीको प्रतिनिधित्व गरेका छन् :–

### (क) गौडी रीति/शैली

दुरन्तदौर्गत्यनितान्तपीडित स्वकीयकान्तानयनान्तवीक्षितैः ।
प्रतिक्षणक्षुब्धमतेरनिर्वृतेः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
निरस्तहालाहलगर्वदुर्वदत् कुटुम्बकोलाहलविह्लात्मनः
प्रभूतवित्तार्जनदत्तचेतसः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो.११–१२,पृ.६)

### (ख) पाञ्चाली शैली

वृथात्वमापादयतः सुदुर्लभं स्वकीयमायुः परकीयचर्चया ।
न दोषकोषं निजमेव जानतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
स्वयं निकृष्टस्य समाजसौष्ठवं समीहमानस्य सतो गुणद्विषः ।
(श्लो.३३–३४, पृ.२३)

### (ग) वैदर्भी शैली

सदागते स्वस्य पुपूर्षतो वपुः परस्य पिण्डैरपि दक्षिणाशया ।
कृतस्थिते : प्रेतसमस्य सीदतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो.४७, पृ.४०)

निपीतदुग्धा अपि गाश्चिरं भृता जरापरीता इति दुर्भरा इति ।
हिता इहामुत्र च हा ! जिहासतः क्षमस्व गोविन्द ! मम व्यतिक्रमम् ॥
(श्लो.५०, पृ.४६)

यसप्रकार कवि गौतमले संस्कृतका महाकविहरूले आफ्ना काव्यमा प्रयोग गरेका बहुप्रचलित रीति/शैलीलाई नै उपयोग गर्दै **प्रपञ्चचर्चा** काव्यका श्लोकहरू रचेको देखिन्छ । शैलीप्रयोगका दृष्टिले उनको यो काव्य राम्रो बन्न पुगेको छ ।

## १९.शीर्षकविधान

**प्रपञ्चचर्चा** शीर्षक काव्यमा वर्णित मुख्य विषयका आधारमा राखिएको छ । यस काव्यको मुख्य विषय राणाकालीन समाजका विकृत प्रवृत्ति हुन् । यस विषयले नै काव्यमा विस्तार र गतिशील हुने अवसर पाएको देखिन्छ । नेपाली बृहत् शब्दकोशानुसार **प्रपञ्च** शब्दको अर्थ सांसारिक माया वा मोह हो । त्यस्तै **चर्चा** शब्दको अर्थ विचार वा विमर्श हो । काव्यको प्रारम्भदेखि अन्त्यसम्म यसै विषयवस्तुलाई प्रस्तुत गरिएको र समाजका असत् कार्य गर्ने व्यक्ति अरू कोही नभएर त्यो व्यक्ति आफैँ हुँ भन्दै क्षमाको लागि वाच्यार्थद्वारा कविले भगवान् गोविन्दसँग क्षमा मागेको देखिन्छ । विषयको केन्द्रीयतामा विकसित भएको र विषयको पुष्टि पनि गरिएकाले यस काव्यको नामकरण **प्रपञ्चचर्चा** गर्नु सान्दर्भिक देखिन्छ ।

## २०. निष्कर्ष

संस्कृत नै नपढेका पुरोहितहरूले कर्मकाण्ड गर्दा सनातनदेखि चल्दै आएको यज्ञयज्ञादिको विधिमा विकृति उत्पन्न भएकोप्रति गौतमले **प्रपञ्चचर्चा**मा चिन्ता व्यक्त गरेका छन् । सामान्य जनतालाई उचित शिक्षा दिने कार्य पहिलेदेखि भएन (शर्मा, दो.सं.२०२२ : ४७) । तर, राजा र राणाहरूले भने शिक्षकहरूलाई राखेर आफ्ना सन्ततिहरूलाई पढाउने व्यवस्था गर्दै आए । सर्वसाधारण मानिसहरूका छोराछोरीहरूलाई त्यस प्रकारको शिक्षा प्राप्त गर्ने व्यवस्था भएन । यसै कारणले रूढिवादी परम्पराले नेपालमा पहिलेदेखि नै जरो गाडेको हुनाले नेपाली समाजमा

विभिन्न विकृति मौलाएको र त्यसले समाजलाई दुर्गन्धित पारेको कुरा व्यक्त गर्नु **प्रपञ्चचर्चा** काव्यको मुख्य उद्देश्य हो । शिक्षाको कमी र मानसिक परिवर्तनको अभावले गर्दा उत्पन्न भएका यसप्रकारका प्रवृत्तिहरूको अन्त्य गरी स्वच्छ समाजको निर्माण गर्नुपर्छ भन्ने कुरा **प्रपञ्चचर्चा** काव्यमा पाइन्छ । यसमा कविले विभिन्न कथ्यको पुष्टि गर्नका लागि उचित सादृश्यविधान गरेका छन् भने काव्यलाई श्रुतिमधुर बनाउन अनुप्रासको राम्रो उपयोग गरेको देखिन्छ । समाजमा देखिएका विभिन्न विकृतिका कारकतत्व अरू कुनै नभएर आफू नै भएको भनी कविले वाच्यार्थमार्फत सामाजिक विकृतिको उद्घाटन गरेका छन् । राणाशासक र उनीहरूको चाकरी गरी विनापरिश्रम धनार्जन गरी त्यो धनलाई सुमार्गमा नलगाई कुमार्गमा प्रयोग गर्ने तत्कालीन समाजका ठालुवादी प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु यस कृतिको लक्ष्यार्थ रहेको देखिन्छ ।

## २१. सारांश

अन्त्यमा पं.गौतमको **प्रपञ्चचर्चा** काव्यको अध्ययनबाट तत्कालीन समाजका व्यक्तिहरूमा मानसिक परिवर्तनको अभावले गर्दा मानिसमा उत्पन्न भएका नराम्रा प्रवृत्तिहरूको अन्त्यभई स्वच्छ समाजको निर्माण नहुनु प्रमुख कारक तत्व हो भन्ने रहेको छ । त्यसका अतिरिक्त राणाशासक र उनीहरूका चाकरी गरी विनापरिश्रम प्राप्त धनलाई सुमार्गमा नलगाई कुमार्गमा प्रयोग गर्ने तत्कालीन समाजका स्वार्थी र दम्भी मानिसहरूका प्रवृत्तिलाई पनि काव्यमार्फत् व्यङ्ग्य गर्नु गौतमको रचनाधर्मिता रहेको कुरालाई यहाँ प्रस्तुत गरिएको छ । गौतमले समाजमा देखिएका विभिन्न विकृतिका कारकतत्व अरू कुनै नभएर आफू नै भएको भनी वाच्यार्थ मार्फत् सामाजिक विकृतिको उद्घाटन गर्नुका साथै विभिन्न कथ्यको पुष्टिका लागि काव्यमा उचित सादृश्यविधान पनि गरेका छन् । गौतमका संस्कृतका र नेपालीभाषामा साना आकारका अन्य काव्यहरू पनि प्रशस्तै प्रकाशित छन् । उनका ती काव्यहरू प्रायः वर्णमात्रिक छन्दमा रचिएका छन् । गौतमले ती काव्यमा कलापक्षलाई भन्दा भावपक्षलाई बढी महत्व दिएको पाइन्छ । उनका यी काव्यमा भावको गाम्भीर्य, बौद्धिकता, तार्किकता, छन्दोबद्धता तथा कसिलो र परिष्कृत प्रस्तुति पाइन्छ । काव्यलाई श्रुतिमधुर बनाउनका निमित्त उनले विभिन्न अनुप्रासको राम्रो उपयोग गरेका छन् । प्रस्तुत लेखमा गौतमद्वारा रचित **प्रपञ्चचर्चा** काव्यमा देखिने यस्ता र अन्य विशेषता तथा तिनका प्राप्तिहरूको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

## सन्दर्भसूची


अधिकारी, अम्बिकाप्रसाद २०५३।**साहित्यिक समालोचना**। काठमाडौँ : श्रीमती लोकलक्ष्मी अधिकारी ।

अधिकारी, टीकाराम.२०५४।"विद्वच्छिरोमणि पं.कुलचन्द्र गौतमको अप्रकाशित संस्कृत कृति गौतमवंशवृत्तम् र यसको ऐतिहासिक महत्त्व' **ऋतम्भरा**।(वर्ष २, अङ्क २) पृ.६३-६५ ।

............... .२०५६। **पं.कुलचन्द्र गौतम र उनको काव्यसाधना**। बेलभुण्डी दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

आचार्य दीक्षित, सरदार पं.राममणि २०२९। **पुराना सम्झना**।काठमाडौँ : श्रीमती नलिनी देवी आचार्यदीक्षित ।

आचार्य, नरहरि २०४१। **पण्डितराज सोमनाथ शर्मा र उनको काव्यसाधना**।काठमाडौँ : पण्डितराज सोमनाथ शर्मा शतवार्षिक समारोह समिति ।

आचार्य, शिवराज २०४८। **कतिपयनैपालसंस्कृतग्रन्थकारपरिचय**। काठमाडौँ : स्वाध्यायशाला ।

आचार्य,मम्मट। (सन्१९८०)।*काव्यप्रकाश।(हैमवतिव्याख्या:शिवराज आचार्य कौण्डिन्न्यायन)*।वाराणसी : मोतिलाल बनारसीदास ।

उपाध्याय, श्रीरामप्रसाद २०७० जेठ ४।'पं.कुलचन्द्र : व्यक्तित्व र कृतित्व"।**गोरखापत्र** । पृ.७ ।

.................. (सम्पा.)२०७०।**प्रपञ्चचर्चा** तथा **उन्माद**। (प्र.सं.). काठमाडौँ : कुलचन्द्र गौतम स्मृति संस्था ।

गैरे, ईश्वरीप्रसाद।( वि.सं.२०६४)।*आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य ( सिद्धान्तसमालोचना)*।काठमाडौँ :न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, बालचन्द २०२२।**नेपालको ऐतिहासिक रूपरेखा**। बाराणसी ।


.......................................................................................

लेखकः डा. रामचन्द्र पौडेल, असिस्टेण्ट प्रोफेसर, भाषा तथा आम सञ्चार विभाग, काठमाडौं विश्वविद्यालय, इमेलः ramchandra@ku.edu.np